नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

सम्पत्ति शुद्धीकरण शाखाः ०५, चलानी नम्बरः ३५०४

मितिः- २०८१/१०/०६

श्री सबै इजाजतपत्र बीमकहरु,

विषयः **AML/CFT सम्बन्धी निर्देशन ।**

उपरोक्त सम्बन्धमा इजाजतपत्र प्राप्त सबै बीमकहरुले देहाय बमोजिम गर्न, गराउन हुन मिति २०८१/०९/२८ गतेको निर्णयानुसार यो निर्देशन जारी गरिएको छ ।

१. सम्पूर्ण इजाजत प्राप्त बीमकले एक अलग्गै AML/CFT सम्बन्धी विशिष्टीकृत विभाग/इकाई गठन गर्ने,

२. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०८१ दफा (१७) बमोजिम व्यवस्थापन स्तरको कर्मचारी रहने गरी एक कार्यान्वयन अधिकारी नियुक्त गर्ने, आवश्यक संख्यामा कर्मचारी खटाई जिम्मेवारी प्रदान गर्ने, तथा कम्तिमा २ वर्ष सम्म सरुवा/जिम्मेवारी परिवर्तन नगर्ने,

३. कार्यान्वयन अधिकारीले ऐन, नियमावली तथा निर्देशिका बमोजिमका विषय कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सुचना, कागजात, अभिलेख वा विवरण उपलब्ध नगर्ने/नगराउने बीमकका पदाधिकारी वा कर्मचारीलाई विभागीय कारवाहीको सिफारिस गर्नु पर्नेछ । यसरी गरिएको कारवाहीको जानकारी प्राधिकरणलाई गराउनु पर्नेछ,

४. बीमकको संस्थागत सुशासन निर्देशिका, २०८० को दफा १०(ङ) बमोजिमको सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गर्दा स्वतन्त्र संचालकको संयोजकत्त्वमा परिपालना विभागका विभागीय प्रमुख, जोखिम व्यवस्थापन तथा वित्तीय स्वस्थता (सोल्भेन्सी) विभागका विभागीय प्रमुख सदस्य तथा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०८१ को दफा (१७) बमोजिम नियुक्त कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी गठन गर्नु पर्नेछ । समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ, समितिले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति, कार्यविधि तथा योजना तयार गरी संचालक समिति समक्ष पेश गर्नुपर्नेछ ।

५. ऐन, नियमावली तथा निर्देशिकाको पालना प्रभावकारी एवं परिणाममुखी बनाउन सम्पत्ति शुद्धीकरण निवारण विषयको गाम्भीर्यताको बारेमा ज्ञान आदानप्रदान (Knowledge

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९

Sharing) गरी संस्थागत क्षमता अभिबृद्धी गर्न देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

क. संस्थाको चुक्ता पूँजिको एक प्रतिशत वा सो भन्दा बढि शेयर स्वमित्त्व भएका शेयर धनी, संचालक, तथा उच्च व्यवस्थापकलाई ज्ञान आदानप्रदान कार्यक्रम संचालन गर्ने,

ख. कार्यान्वयन अधिकारी, कर्मचारी तथा मध्यस्थकर्तालाई नियमित रुपले ज्ञान आदानप्रदान कार्यक्रममा सहभागि गराउने व्यवस्था गर्ने,

ग. उत्तराधिकारी योजना (Succession Plan) को अवधारणा अनुरुप जनशक्ति तयार गर्न तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम तयार गरी लागू गर्ने ।

(पदम प्रसाद सोडारी)
उप निर्देशक

बोधार्थः-
१. श्रीमान् अध्यक्षज्यूको सचिवालय,